परिशिष्ट "ख"

## कोभिड १९ रोग को महामारीका समयमा आयात बिन्दुमा अपनाउनु पर्ने सुरक्षा विधि

कोभिड १९ रोग को संक्रमण फैलिन नदिन भन्सार बिन्दुमा आयात नियमन गर्न यो कार्यविधि (सुरक्षा बिधि) बनाइएको छ ।

१. **मालबाहक सवारी साधनलाइ निसंक्रमण (Disinfection) गरेको प्रमाण पत्र पेश गर्नु पर्ने**

बाहिर मुलुकबाट आयात हुने कन्साइनमेन्ट लिइ आउने मालबाहक सबारी साथमा कन्साइन्मेन्ट लोड हुनु अगावै सरसफाइ तथा निसंक्रमण गरेर मात्र सामान लोड गरेको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने। सो को लागि आयात अनुमति पत्र जारी गर्दा सो शर्त सहितको अनुमतिपत्र जारी गर्ने व्यवस्था मिलाउने ।

२. **चालक र मालवस्तु लिईआउने व्यक्तिमा कोभिड १९ रोगको लक्षण नभएको एकिन गर्ने:**

(क) भन्सार विन्दुमा खटिएको Health desk ले मालबस्तु लिई आउने व्यक्ति र चालकको अनूसुचि (४) बमोजिमको Self-Declaration Form भराई रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको Testing Guideline अनिवार्य प्रयोगशाला परीक्षण गर्ने । मालबस्तु लिई आउने व्यक्ति वा चालकमा रोगका लक्षण देखिएमा Health desk बाट तोकिएको अस्पतालमा पुऱ्याउन सम्बन्धितलाई जानकारी गराउने।

(ख) उक्त व्यक्तिहरुमा कोभिड १९ रोगका लक्षण नभेटीएमा मास्क लगाएको र सेनिटाईजरले वा सावुनपानीले हात राम्रोसंग धोएको एकिन गर्नु पर्नेछ ।

३. **आयात बिन्दुमा सवारी साधनको सरसफाइ तथा निसंक्रमण गर्ने**

कन्साइनमेन्ट लिइ आउने मालबाहक सबारी साधन तथा चालकलाई सरसफाइ तथा निसंक्रमण गरेर मात्र अन्य प्रकृयाका लागि होल्डिङ्ग यार्डमा पठाउने । सबारी साधनलाई सरसफाइ तथा निसंक्रमण गर्नका लागि सम्बन्धित भन्सार कार्यालयले स्थानिय प्रशासन तथा पालिकाको सहयोग तथा समन्वयमा उक्त कार्य गरि स्थानीय प्रशासन वा पालिकाबाट जारी निसंक्रमण गरिएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्न लगाइ तत्पश्चात मात्र क्वारेन्टिन लगायतका अन्य प्रकृयाहरु अगाडि बढाउने ।

४. **जाँचपासमा संलग्न कर्मचारीको सुरक्षा विधि:**

जाँचपासमा संलग्न कर्मचारीहरुले महामारी रोगबाट आफु सुरक्षित हुन र अरुलाई सुरक्षित बनाउन स्वास्थ्य मन्त्रालयबाट सुझाव दिए अनुसार निम्नानुसार व्यक्तिगत सुरक्षाका उपकरण प्रयोग गरी देहाय बमोजिमका सुरक्षा उपायहरु अपनाउनु पर्छः

४.१ **व्यक्तिगत सुरक्षाका समाग्रीहरुः**

- पुरै जिउ छोप्ने गरी कपडा (लामबाउले सर्ट, फुलपाईन्ट) र सकेसम्म वाटर प्रुफ कभरअल लगाउने ।
- ठूलो चस्माले आँखा सुरक्षित वनाउने ।

Scanned by CamScanner

- ❖ दुवै हातमा डिस्पोजिवल रबरको पन्जा लगाउने ।
- ❖ सर्जिकल मास्क लगाउने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४.२ सेवाग्राही संग सोधपुछ वा कुराकानी गर्दा कम्तिमा २ मिटरको दुरीबाट मात्र गर्ने ।

४.३ आवश्यक डकुमेन्टहरु स्क्यान कपि अपलोड गर्न लगाई वा इलेक्ट्रोनिक माध्यमबाट मगाई हेर्ने:

कागजातहरु हेर्नु परेमा पन्जा लागाई सुरक्षित तरिकाले हेर्ने ।

४.४ कभरअल, मास्क र पन्जा बदल्ने:

कुनै शंकास्पद व्यक्तिसंग कुरा भएको जस्तो लागेमा वा कुनै व्यक्तिको थुकका छिटा उछिट्टीएर आफ्नो कभरअल वा कपडा, मास्क वा पन्जा दुषित भएको अवस्थामा डिस्पोजिवल सुरक्षाका सामान डिस्पोज गर्ने र कभरअल बदल्ने । कभरअल, मास्क, पन्जा आदि तोकिएको निर्मलीकरण विधि प्रयोग गरेर मात्र पुन प्रयोग गर्ने ।

४.५ पन्जामात्र दुषित भएको अवस्थामा सेनिटाईजरले पन्जा सफा गर्ने:

हातले कुनै मालवस्तु वा कागजात छोएमा पन्जा नखोली कुनै सेनीटाईजर वा सावुनपानीले हात धुन सकिन्छ । स्मरण रहोस् पन्जा प्वाल परेको हुन हुदैन र खाली हातले काम गर्दा हातमा कुनै छाला खुईलिएको वा घाउ भएको हुनु हुदैन ।

४.६ मास्क, चस्मा आदि लगाउने र खोल्ने तरीका:

मास्क लगाउदा र खोल्नु पर्दा कानमा अड्काउने भागमा मात्र सफा हातले छुने र सफा ठाँउमा मात्र राख्न सकिन्छ अन्यथा नयाँ मास्क प्रयोग गर्नु पर्छ ।

४.७ विशेष सावधानी:

(क) कन्टामिनेसन भएको वा थुक र सिगानका छिटा परेको सामान टकटक्याउने वा झट्कार्ने काम कदापी नगर्ने ।

(ख) काम गरीरहँदा पन्जा लगाएको या खाली हातले आँखा नाक मुख कुनै पनि हालतमा नछुने । छुनु पर्ने अवस्था आएमा सावुन पानिले उपयुक्त तरीकाले हात धोएर मात्र छुनु पर्छ ।

(ग) सावुन पानी नभएमा सेनिटाईजरले हात सफा गर्न सकिन्छ ।

४.८ परिवार र आफन्तजनको सुरक्षा

परिवारको सुरक्षाकालागि काम पछि घर फर्किदा डिस्पोजिवल उपकरण विस्थापन गर्ने र कभरअल धुने र साबुनपानीले हात धोई र नुहाएर मात्र परीवारका सदस्य संग भेट गर्ने ।

५. सवारी साधनको सरसफाइ तथा निसंक्रमण विधि:

(आवश्यक सामाग्रिहरु अनुसुची ३ बमोजीम)

Scanned by CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

५.१ सरसफाइ

(क) सवारी साधनमा रहेको सुख्खा [illegible] का पानीको फोहराको माध्यमबाट हटाउने

(ख) सरसफाई कार्यमा धुलो वा लिक्विड डिटरजेन्ट मिसिएको पानीको प्रयोग गर्नु पर्ने । (आवश्यक सामाग्रि अनुसुची २ बमोजीम )

५.२ निसंक्रमक घोलको तयारी र प्रयोगः

(क) अनुसुचि १ मा उल्लेख भएका निसंक्रमक (Disinfectant) हरुमध्ये कुनै एकको तोकिएको मात्रामा प्रयोग गरि सवारी साधनको सम्पुर्ण बाहिरी भाग निसंक्रमण गर्ने ।

(ख) ड्राईभर क्याविन समेत निसंक्रमण गर्ने ।

६. होल्डिग यार्डमा मालसामान जाँचपास गर्दा ध्यान दिनु पर्ने कुराहरुः

(क) मालबस्तु जाँचपास गर्दा प्रथामिकताका आधारमा गर्ने जस्तै, औषधि, सड्ने सम्भावना भएका खाद्यबस्तुलाई पहिलो प्राथामिकता दिने।

(ख) सवारी साधन (ड्राईभर क्याविन समेत) र मालसमानलाई प्याकेट बाहिरबाट निसंक्रमण गरेको एकिन गर्ने।


(ग) सवारी साधनको भित्री भागको कुनै सतहमा केही दिन सम्म पनि भाईरसको अस्तीत्व रहन सक्ने वारे सेवाग्राहीलाई सचेत गराउने ।

(घ) सवारी साधनबाट मालसामान उतार्ने क्रममा मजदुरहरुले न्युनतम सामाजिक दुरी कायम गर्दै सुरक्षाको पुर्ण सावधानी अपनाउनु पर्ने छ।

७. सामाजिक दुरी कायम गर्ने सम्बन्धमाः

(क) माथि उल्लेखित सम्पुर्ण क्रियाकलापमा आबद्ध व्यक्तिहरुले अनिवार्य रुपमा न्युनतम २ मिटरको सामाजिक दुरी कायम राखी कार्य सम्पादन गर्ने/गराउने ।

## फ्लो चार्ट




Scanned by CamScanner

## अनूसुची १

### निसंक्रमकी तथा सोको तयारी

तलका मध्ये उपलव्धता अनुसार कुनै १ निसंक्रमकको प्रयोग गर्न सकिन्छ ।

१. VirKon Multipurpose Disinfectant (Potassium Peroxymonosulphate, sodium dodecylbenzene sulfonate, sulfamic acid) -१ ग्राम प्रति लिटर पानीमा मिसाएर झोल तयार गर्ने ।

२. Sodium Carbonate 5% solution in water

३. Sodium hydrochloride (3 % Solution in water), may be mixed with 5% solution of Lime

४. Sodium hypochlorite (2% Solution in water)

५. Citric Acid (1 % Solution in water)

६. Chlorine (0.5%)

७. WHO वा OIE वा स्वास्थ्य मन्त्रालयबाट मान्यता प्राप्त निसंक्रमकहरु

## अनुसुची २

### सरसफाइस्थलमा आवश्यक सामाग्रीहरु

१. Foot Bath

२. Plastic Bucket and Brush

३. Towels

४. Motorized Pressure Washer (>700 PSI)

५. Water Source (e.g. Portable water tanks)

६. Detergent

७. Antiseptic soap

८. Items to contain runoff water from the washing area (Gravel and Sand) and drainage facility

९. Electric power generators

## अनूसुची ३

### निसंक्रमण स्थलमा आवश्यक सामाग्रिहरु

१. Motorized Pressure Washer (>700 PSI)

२. Water Source (e.g. Portable water tanks)

३. Handheld sprayers

४. Approved disinfectants

५. Approved aerosol spray for passenger area in vehicles

६. Personal Protective Equipment (PPE Set)

७. Cleaning equipments (Brushes, shovels, scrapers)

८. Heavy Duty plastic bags

९. Items to contain runoff water from the washing area (Gravel and Sand) and drainage facility

१०. Electric power generators

Scanned by CamScanner

अनुसूचि ४

# स्व. घोषणा फारम

(.........................विधिको बुँदा ............ सँग सम्बन्धित)

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

## १. चालकको विवरण

(क) नामथर:

(ख) उमेर:

(ग) वतन:

(घ) अन्तिम पटक नेपाल आएको र फर्केको मिति:

(ङ) सम्पर्क नम्बर:

## २. अन्य सहचालक/व्यक्तिको विवरण

(क) संख्या:

(ख) नामथर:

(ग) उमेर:

(घ) वतन:

(ङ) अन्तिम पटक नेपाल आएको (फर्केको मिति):

## ३. उल्लेखित विवरण सहि हो, झुठ ठहरे कानून बमोजिम सहुँला ।

(क) म/हामी COVID-19 संक्रमित होइन/होईनौ ।

(ख) म/हामी विगत १४ दिनसम्म कुनै संक्रमितको सम्पर्कमा छैन/छैनौ ।

(ग) मेरो/हाम्रो परिवारमा कोही संक्रमित छैन ।

(घ) म/हामी विगत २१ दिनदेखि सुख्खाखोकी, ज्वरो, श्वासप्रश्वासमा असहज, माशंपेशी कमजोर भएको वा उक्त लक्षण परिवारका सदस्यहरुमा वा सम्पर्कमा आएका व्यक्तिहरुमा छैन/छैनौं ।

| | | | |
|---|---|---|---|
| सहि | सहि | सहि | सहि |
| नामथर: | नामथर: | नामथर: | नामथर: |

---

**कार्यालय प्रयोजनका लागि**

मिति/समय: प्रमाणित गर्ने:

पदाधिकारीको नाम र दस्तखत: रेकर्ड राख्ने:

Scanned by CamScanner